अनुसूची २

(स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४)
दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

स्वर्गद्वारी नगरपालिका

स्थानीय राजपत्र

खण्डः ९ संख्याः ८ मितिः २०८२/०८/०४

भाग-२

स्वर्गद्वारी नगरपालिका

स्वर्गद्वारी नगरपालिका मौरी प्रवर्द्धन नीति, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/०४

१. परिचय/पृष्ठभूमिः

मध्य पहाडी जिल्ला प्यूठानको एक स्थानीय तह स्वर्गद्वारी नगरपालिमा हाल पाँच हजार गोला भन्दा बढी ए.सेरेना हिमालीया जातको मौरी व्यवसायिक र परम्परागत रुपमा पालिदै आएको छ। यस नगरपालिकामा अधिकांश किसानहरुको मुख्य आयआर्जनको स्रोत मौरीपालन व्यवसाय रहेको छ। प्राकृतिक रुपमा असोज-पौष सम्म च्यूरीको फूलबाट प्रसस्त मात्रामा मह उत्पादन गर्ने स्रोत रहेको छ। मौरीपालनमा पुष्प रसले मात्र नपुग्ने, पुष्परससँगै त्येतिनै मात्रामा पराकण **(POLAN)** को पनि आवश्यकता रहने अनुसन्धान र व्यवहारले प्रष्ट भएको छ। स्वर्गद्वारी नगरपालिकामा नेपाल सरकारको

मौरी प्रवर्द्धन निति, २०७३ अन्तर्गत यस पालिकामा ए सेरेना पकेट रहेकाले यस नगरपालिका क्षेत्रभर ए सेरेना पकेट क्षेत्र घोषणा गरी ए सेरेना मौरी चरण तथा प्रवर्द्धन नीति पारित गरिएको छ। यस पश्चात यसलाई स्वर्गद्वारी मौरी प्रवर्द्धन नीति, २०८२ भनिनेछ।

- स्वर्गद्वारी नगरपालिकामा मौरीपालनलाई प्रतिस्पर्धात्मक व्यवसायको रुपमा रुपान्तरण गरी अतिरिक्त आयआर्जनको माध्यम बनाएर गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने तथा व्यावसायिक मौरीपालन र स्थानीय प्रजातिका मौरीहरुको संरक्षण गरी पर्यावरणीय सेवा (परागसेचन) प्रवर्द्धन गर्ने परिदृश्यको परिकल्पना गरिएको छ।

२. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गत

- नीति, ऐन नियमहरु तथा कार्यविधिहरु राम्रो बनेको।
- मौरी प्रवर्द्धन नीति, २०७३ बनिसकेको।

३. नीति कार्यन्वयनको अवस्था

- कार्यन्वयनको पाटो फितलो, प्रभावकारी हुन नसकेको।
- एउटै कार्यविधिमा पनि अख्तियारवालाहरुले स्वविवेक प्रयोग गर्ने गरेको।
- स्पष्ट खाका र दीर्घकालीन सोचको अभाव रहेको।
- **Sectoral Coordination** को अभाव रहनु।
- **Impact Sustainability Evaluation** नहुनु ।
- मूल्यांकनका आधारमा **Next Policy** लाई **Feedback** दिने प्रचलन नहुनु।

४. लक्ष्यः

स्वर्गद्वारी नगरपालिकामा मौरीपालनलाई एउटा प्रतिस्पर्धात्मक र व्यवसायको रुपमा विकास गर्दै रोजगारीको अवसर सृजना गरी महको आयत प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने।

५. उद्देश्यहरुः

क) मौरी चरनको सुधार, सुदृढीकरण र समुचित प्रयोग, गोला व्यवस्थापन, आवश्यक पूँजी, पूर्वाधार, प्रविधिक ज्ञान र शीपमा ए सेरेना र स्थानीय जातका कठौरी, पुत्का मौरीपालकहरुको पहुँचमा अभिवृद्धि गर्ने साथै उपजहरुको विविधीकरण गर्ने।

ख) मौरीजन्य उपजहरुको उत्पादन/उत्पादकत्व बढाउने, लागत घटाउने, गुणस्तर सुधार गर्ने, मौरीजन्य उपजहरुको स्थानीय ,राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्ने तथा व्यापार सन्तुलन गर्ने।

ग) रैथाने र स्थानीय मौरीहरुको संरक्षण संवर्द्धन गर्ने र मौरी गोलाहरुको संख्यात्मक वृद्धि गरी परागसेचन सेवाको अभिवृद्धि गर्ने।

घ) मौरीपालन पेशामा परम्परागत मह शिकारी, आर्थिक र सामाजिक रुपले पिछडिएका वर्गहरुलाई मूल प्रवाहीकरण गरी गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने।

६. मौरी प्रवर्द्धन नीतिहरुः

क) उद्धेश्य १ः प्रजातिगत व्यवस्थापनः

१) हिमालीया सेरेना सेरेना उपजातिको संवर्द्धन प्रवर्द्धन गर्न प्रजनन केन्द्र स्थापना गरी अन्य क्षेत्रहरुमा प्रसारण गरिने।

२) पहाड, मध्यम क्षेत्रका चरनमा पूर्ण सदुपयोग हुने गरी अधिकतम उत्पादन लिईने।

३) कठ्यौरी मौरीहरुको संरक्षण र संवर्द्धन गरी परसेचित बाली तथा वन्य वनस्पतिहरुको जैविक विविधता वृद्धि गर्ने।

४) नयाँ प्रजातिका गोला, रानु तथा प्याकेज मौरी आयात गर्नु अघि प्राविधिक, आर्थिक तथा पारिस्थितिक प्रभाव र परिमाणहरुको अध्ययन र विश्लेषण गरिने।

ख) मौरी चरन सुदृढिकरण र व्यवस्थापनः

१) चरन क्षेत्रको (कृषि तथा वन) भौगोलिक नक्सा तयार गर्ने तथा चरन क्षेत्र तोकिने।

२) चरन क्षेत्रको भारवहन क्षमताका आधारमा चरन उपलब्ध गराउन आचारसंहिता लागु गरिने।

३) वृक्षारोपण कार्यक्रमहरुमा कम्तिमा २५ प्रतिशत मौरी चरन वनस्पति समावेश गर्नुपर्ने।

४) मौरीपालकहरुले आफ्नो सेरोफेरोमा उत्कृष्ट मौरी चरन हुने वनस्पति लगाउन प्रोत्साहित गरिने।

५) फूल फुल्न लागेका तथा फुलिरहेको अवस्थामा बोटविरुको काँटछाट नगर्नका लागि जनचेतना अभिवृद्धि गराइने।

ग) मौरी स्थानान्तरण व्यवस्थापनः

१) मौरी स्थानान्तरणलाई सरोकारवाला निकायहरुको संयुक्त समितिबाट चरन पात्रोको आधारमा संयोजन गराइने।

२) व्यावसायिक मौरीपालकहरुलाई नयाँ चरन स्थलको खोजी गरी सम्भाव्य सबै क्षेत्रमा मौरी चराउन लान पाउने।

३) चिउरी लगायत प्रशस्त चरन भएका क्षेत्रमा स्थानान्तरण पहुँच विकास गर्न सम्वद्ध निकायहरुमा पहल गरिने।

४) स्थानान्तरणको क्रममा रहेका मौरीलाई एम्बुलेन्स जस्तै अत्यावश्यक सेवा सरह विना रोकतोक लैजान सक्ने।

५) ए.सेरेना जात भन्दा अन्य मौरी चरन आयातमा प्रतिबन्द गर्ने।

घ) मौरी रोगव्याधी व्यवस्थापनः

१) रोग संक्रमित मौरी र मौरीजन्य उपकरणहरुको आयात एवम् आन्तरिक वसार पसार गर्न रोक लगाईने।

२) मौरीगोलामा प्रतिबन्धित प्रतिजैविक, गन्धक र सूर्तिजन्य पदार्थ वा रसायनको प्रयोग निषेध गरिने।

३) उत्पादन क्षेत्रका मौरीपालकहरुको सरल पहुँचभित्र मौरीरोग पहिचान, परीक्षण तथा निदान सुविधा विकास गरिने।

४) रोगको व्यवस्थापनमा प्रतिजैविकी न्यूनतम प्रयोग गराउन र यसको प्रयोगपछि ६ हप्तासम्म मह काढ्न नहुने।

५) मौरीका रोगव्याधी व्यवस्थापनमा प्रयोग हुने कम जोखिमी औषधीको प्रोत्सान गरिने।

६) मह परीक्षण प्रयोगशालालाई स्थापना गरिने।

ङ) मह शिकार व्यवस्थापन एवम् बासस्थानको संरक्षणः

१) महसिकारीहरुलाई व्यवस्थित गरी एपिटुरिजमको विकास गर्दै प्राकृतिक मौरीहरुका बासस्थान समेत संरक्षण गरिने।

२) वातावरणीय प्रभाव मूल्यांकन अध्ययनमा मौरीको बासस्थान आश्रयस्थल र तिनको स्थानान्तरलाई सम्बोधन गरिने।

३) महसिकारी वर्गलाई महसिकारको परम्परागत विधिलाई सांस्कृतिक महत्वको रुपमा जगेर्ना गर्न र सुरक्षित ढंगबाट मह काढ्ने विधी अपनाउन विशेष तवरले प्रशिक्षित र प्रोत्साहित गरिने।

४) जंगली मौरीहरुको संरक्षणका कार्यक्रमहरु सरोकारवाला निकायको सहकार्यमा सञ्चालन गरिने।

च) मह उत्पादन र बजार व्यवस्थापनः

१) मह उत्पादन, विकासमा असल मौरीपालन अभ्यास **(GBP)** अवलम्बन गर्न प्रोसाहित गरिने।

२) प्रमुख उत्पादन क्षेत्रको सरल पहुँचभित्र सरकारी, सहकारी, नीजि क्षेत्र र संकलकहरुलाई महको प्रारम्भिक भौतिक अवस्था र चिस्यान परीक्षण गर्ने सुविधा उपलब्ध गराउन सहयोग पुऱ्याइने।

३) मह कारोबार गर्ने उद्यमीहरुले प्रत्येक चरणमा स्रोतसुचक विवरणहरु सुरक्षित राख्ने र खाद्य मापदण्ड अनुसार औजार, उपकरण, भाँडा, वर्तनको प्रयोग गरी गुणस्तर कायम गर्न प्रोत्साहन गरिने।

४) मह उत्पादन र बजारीकरणका लागि बजारको सम्भाव्यता अध्ययन गरी बजारलाई सुनिश्चित र सुदृढीकरण गरिने।

५) इच्छुक व्यवसायीहरुलाई मौरी मैन, कुट, शाहीखुराक, विशेष प्रकारको मह उत्पादनः चाका/क्रीष्टल, एकल स्रोतको मह आदि विशिष्ट सामग्री उत्पादनका लागि प्रोत्साहित गर्न तालिमका अवसरहरु प्रदान गरिने।

६) महको भौगोलिक र वानस्पतिक स्रोत, मौरीको प्रजाति र मह काढेको विधिका आधारमा महलाई लेबलिङ गरिने।

७) मह सङ्कलन, भण्डारण, प्रशोधन र विक्री प्रवर्द्धनका लागि भौतिक पुर्वाधार विकासमा निजीक्षेत्रसँग सहकार्य गरिने।

८) महको आन्तरिक खपत प्रवर्द्धन गर्न आयुर्वेदिक उद्योग, राशन व्यवस्थापन गर्ने ठूला सरकारी निकाय, अस्पताल, विद्यालय, होटलसँग कारोबार गर्ने मह उत्पादक तथा व्यवसायीहरुलाई बिशेष सहयोग गरिने।

छ) प्रोत्साहन र अनुदानः

१) मौरीपालनको विकास र विस्तारमा सघनता र तिव्रता ल्याउन विद्यमान अनुदानको स्तर वृद्धि गरिने।

२) रानु उत्पादन, बैकिङ्ग र आपूर्ति गर्न चाहने क्षमतावान उद्यमीहरुलाई रानु व्यवस्थापन सामग्री आयात गर्न र व्यवसाय स्थापना गर्न बिशेष अनुदान सहित प्रोत्साहित गरिने।

३) नीजि क्षेत्रका मौरीपालक संस्था/उद्यमीहरुलाई मह सङ्कलन, भण्डारण, प्रशोधन एकाइ, प्राथमिक रोग निदान सुविधाको विकास एवम् पालन गरिएका विभिन्न प्रजातिका मौरीका गोला छनौट तथा नश्ल सुधारका लागि प्रोत्साहित अनुदानको व्यवस्था गरिने।

४) घार, अन्यउपकरण तथा आधारचाका निर्माण, मह वा मौरीजन्य उपजको सङ्कलन, प्रशोधनमा तोकिएको रकम अनुदान दिने व्यवस्था गरिने।

५) मौरीपालन व्यवसायको मूल्य श्रृङ्खलाको आधारमा व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी छुट्टा छुट्टै तहमा अनुदान दिने व्यवस्था गरिने।

६) मौरीपालकहरुबाट विभिन्न बालीहरुमा परागसेचनबाट पुऱ्याएको योगदान बापतको अनुदान दिने व्यवस्था गरिने।

७) प्रतिफलमा आधारित अनुदान प्रणालीको विकास गरिने।

ज) मौरीपालनमा कर्जाः

१) कृषि विकास बैंक, नेपाल बैंक र अन्य वित्तिय संस्थाहरु मार्फत मौरीपालनमा लगानी गर्न व्यवस्था गरिने।

२) महिला, दलित एवम् पिछडिएका समुदायलाई समूह जमानी तथा धितोमा ऋण प्रदान गर्न पहल गरिने।

३) प्रमुख उत्पादन क्षेत्रहरुमा मौरीपालक कृषक, कृषक सञ्जाल र नीजि मह कारोवारी एवम् स्रोतकेन्द्रहरुलाई अन्तरिम मह भण्डारण सञ्चालन गर्न सस्तो सरल ऋण सुविधा प्रदान गरिने।

७. मौरीपालन अनुसन्धानको व्यवस्थाः

क) नेपाल सरकार कृर्षि अनुसन्धान परीसद संग समन्वय गरी कृर्षि तथा सशु विज्ञान अध्ययन सञ्चालन र नेपाल सरकारले अबलम्वन गरेको अनुसन्धानलाई स्रोतको रुपमा प्रयोग गरिने।

ख) स्वर्गद्वारी नगरपालिक स्त्रमा रहेका सैक्षिक संचालन र सफल मौरीपालक किसानहरुको अनुभवलाई विकास र बृद्धि गरीने।

८. जनशक्ति विकासः

क) मौरी रोग, मौरी प्रजनन, मौरी व्यवस्थापन, मौरीपालन प्रसार तथा तालिम, उत्पादन विकास, बजार व्यवस्थापनका क्षेत्रमा दक्ष जनशक्तिको विकास गरिने।

ख) गैर सरकारी र निजी क्षेत्रमा मौरीपालन सम्बन्धी सेवा प्रदान गर्ने दक्षता विकास गर्न प्रोत्साहन गरिने।

ग) मौरीपालन स्रोतकेन्द्रहरुबाट सेवा विस्तार गर्न तालिमका अवसर प्रदान गरी दक्षता बढाईने।

घ) कृषि सम्बन्धी व्यावसायिक शिक्षण प्रशिक्षण प्रतिष्ठानहरुमा मौरीपालन बिशेष पाठ्यक्रम निर्माण गरी समाबेश गराउन सम्बद्ध निकायहरुसँग पहल गरिने।

उद्देश्य ५(ख) सँग संबन्धित नीति र कार्यनीति

महको गुणस्तर निर्धारण, प्रमाणीकरण र विषादी अवशेष नियन्त्रणः

१) स्वर्गद्वारीको प्राकृतिक महको, प्रांगारिक विशेषताहरु परिभाषित र प्रमाणित गरी तिनको संरक्षण व्यवस्था गरिने।

२) महमा विषादी अवशेष, अन्तरपदार्थ, गह्रौं धातुहरु, एन्टीवायोटिक्स आदिको नियन्त्रण जस्ता अवशेष अनुगमन योजना **(RMP)** सँग सम्बन्धित कार्यक्रमहरु विकास गरी कार्यान्वयन व्यवस्था गरिने।

३) अवशेष परीक्षण र प्रमाणीकरण गर्न मान्यता प्राप्त प्रयोगशालाको सेवा लिन सम्वद्ध निकायहरुसँग समन्वय गरिने।

४) मौरीपालक तथा मह कारोवारीहरुलाई अन्तर्राष्ट्रिय समुदाय र बजारका गुणस्तर मापदण्ड, असल मौरीपालन प्रक्रिया **(GBP)** एवम् शर्तहरुका सम्बन्धमा समुचित प्रशिक्षण दिईने।

५) नेपाली महको वर्तमान स्तरमान तयार गरी परागको आधारमा व्यावहारिक र यथार्थ परक बनाईने।

९. महको बजारीकरण व्यवस्थापनः

क) स्वर्गद्वारी प्यूठानी महमा लाग्ने कर न्युनिकरण र सरलिकरणका लागि पहल गरिने।

ख) भन्सार महशुल वृद्धि गरी विदेशी मह आयातलाई व्यवस्थापन गर्न नेपाल सरकार समक्ष समन्वय गरिने।

ग) उत्पादन लागत कम गराई स्वर्गद्वारी महको राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापारिक प्रतिस्पर्धिता बढाउने प्रयास गरिने।

घ) राष्ट्रिय अन्तर्राष्ट्रिय मेला, प्रदर्शनीहरुमा स्वर्गद्वारी—पहाडी मह, अर्गानिक मह, विशेष प्रकारका मह तथा गोलाको प्रदर्शन गराउनेतर्फ प्रोत्साहन गरिने।

ङ) स्वर्गद्वारी महको पहिचान हुने गरी गुणस्तर व्यवस्थापन ट्रेड मार्क तथा साझा लोगोको विकास गरिने।

च) जंगली मौरीको मह काढ्दा मौरी पर्यटनको प्रवर्द्धन हुने खालका कार्यक्रमको निर्माण गरिने।

१०. सहजिकरण अनुगमन र नियमनः

क) मौरीपालनका विभिन्न स्तर र क्षमता परिभाषित गर्ने व्यवस्था मिलाइने।

ख) प्राकृतिक र प्रशोधित महको परिभाषा र गुणस्तरको समिक्षा र आवश्यकता अनुसार परिमार्जन गरिने।

ग) निर्धारण गरिएका आधार तथ्यांकस्तर तथा मापदण्डहरु **(Standards and Specifications)** सरकारी निकाय लगायत अन्य सबै सम्वद्ध सरोकारवालाहरु समक्ष प्रसार र अनुगमन गरिने।

घ) मौरीघार, उपकरण निर्माण उद्योग र मौरीपालन स्रोत केन्द्रहरुको र उत्पादित सामग्री समेतको निश्चित मापदण्ड वनाई सो मापदण्ड अनुसार स्रोतकेन्द्रहरुले सम्वन्धित कृषि हेर्ने सरकारी निकाय वा मौरी विकास केन्द्र/कार्यालयहरुको सिफारिसमा व्यावसायिक कीट विकास केन्द्र स्वर्गद्वारी नगरपालिकामा दर्ता तथा नविकरण गराएर मात्र कारोबार गर्न पाउने व्यवस्था गरिने।

उद्देश्य ५(ग) सँग संबन्धित नीति र कार्यनीति

परागसेचनका लागि मौरी परिचालन तथा व्यवस्थापनः

क) कृषकहरुमा परागसेचनको महत्व र मौरीको उपादेयता बोध गराउन बिशेष प्राथमिकता दिइने।

ख) बालीनालीमा फूल फुलेको बेला कीटनाशक विषादी प्रयोग नगर्नको लागि चेतनाको विकास गराउने खालका कार्यक्रमलाई प्राथमिकता दिइने।

ग) वागवानी फार्म तथा फलफूल खेती कृषकहरु सबैलाई मौरी प्रयोगमा ल्याउन प्रोत्साहित गरिने।

घ) मौरीको बचावट र संरक्षण गर्न कृषकहरुलाई जागरुक गराउने खालका कार्यक्रमलाई प्राथमिकता दिइने।

ङ) अध्ययन अनुसन्धानको क्रममा मह नपार्ने मौरी, जंगली मौरी र अन्य परागसेच सँगको प्रतिस्पर्धा हुने तवरबाट अगाडि बढाउने।

उद्देश्य ५(घ) सँग सम्बन्धित नीति र कार्यनीति

आर्थिक तथा सामाजिक रुपले पिछडिएका वर्गको मूल प्रवाहिकरणः

क) महिला, दलित, आदिबासी अपाङ्ग कृषक समूह र वर्गहरुलाई मौरीपालन अपनाउन बिशेष तवरले प्रोत्साहित गरिने।

ख) मौरीपालन सम्बन्धी तालिम र अन्य कार्यक्रमहरुमा पिछडिएका वर्गको सहभागिता सुनिश्चित गरिने।

ग) महिला तथा पिछडिएका वन्चित वर्गका लागि विशेष कार्यक्रम प्याकेज ल्याईने।

घ) मह शिकारको चेतना जगाई व्यवस्थित तवरबाट मह शिकार गरी मौरी पर्यटनलाई चाडको रुपमा ग्रहण गरी अगाडि बढाइने।

११. संस्थागत विकासः

क) महिला एवम् पिछडिएका बञ्चित वर्गलाई संस्थागत रुपमा संगठित गर्ने, मौरीपालन स्रोतकेन्द्रहरुको स्तर वृद्धि गर्ने र उनीहरुको लागि सेवा तथा आपुर्ति सुदृढ गराउने खालका कार्यक्रमलाई प्राथमिकता दिईने।

ख) प्रमुख उत्पादन क्षेत्रहरुको सहज पहुंचमा मौरी रोग व्यवस्थापन गर्न मौरी विकास कार्यालयहरु विस्तार गरिने।

ग) कार्यरत मौरीपालन स्रोतकेन्द्रहरुको मूल्यांकन गरी आवश्यकता अनुकुल स्तर वृद्धि गरिने।

घ) पिछडिएका वर्गका मौरीपालकहरुलाई समूह÷सहकारी÷संघमा संगठित गरी बिशेष कार्यक्रम प्याकेज दिइने।

ङ) मौरी प्रवर्द्धनको कार्यक्रमहरु कार्यान्वयन र विस्तार गर्दा एकद्वार प्रणाली मार्फत कार्यान्वयन गराउने।

च) स्वर्गद्वारी गरपालिका भित्रका सम्भावित मौरी पकेट क्षेत्रहरु छनौट गरी मौरीको मूल्य श्रृङ्खलाको आधारमा क्लष्टर निर्माण गरी महिला, युवा एवम् पिछडिएका वर्गलाई प्रोत्साहन हुनेगरी लक्षित कार्यक्रम निर्माण गरी अनुदानको व्यवस्था गरिने।

छ) संस्थागत संरचनाः सरकारी, नीजि तथा सहकारीको साझेदारी अवधारणा **(PPP)** अनुसार मौरीपालनमा प्रत्यक्ष वा परोक्ष तवरले सम्लग्न रहेका सरोकारवाला कृषक संघ/संस्थालाई समेट्ने

गरी मौरीपालन सेवा विस्तार तथा मौरीजन्य उत्पादन विकास सम्बन्धी मौरी प्रवर्द्धन निर्देशक समिति गठन गर्न सकिने।

ज) आर्थिक पक्षः यो नीति तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार वा विदेशी संघसंस्थाहरुको तर्फबाट प्राप्त हुने अनुदानमा सरकारी बजेट प्रणाली मार्फत व्यवस्थापन गरिने र युवा लक्षित कार्यक्रमका लागि बजेटको व्यवस्था गरिने।

झ) कानुनी व्यवस्थाः यस नीति कार्यान्वयन गर्न ऐन, नियम तथा निर्देशिका, कार्यविधि वा मापदण्डहरु तर्जुमा गरिने।

ञ) अनुगमन र मूल्याङ्कनः यस नीतिको कार्यान्वयनको लागि अनुगमन र मूल्याङ्कनमा संबन्धित सरकारी कार्यालयहरु तथा अन्य संघसंस्थाको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक पद्धतिलाई बढवा दिइने र कृषि तथा पशुपक्षी विकास शाखा वा यसले तोके बमोजिमको सरकारी निकायले अनुगमन तथा मूल्याङ्कन गर्ने।

ट) जोखिमः यस नीतिको प्रभावकारी कार्यान्वयनबाट महको उत्पादन तथा उत्पादकत्व वृद्धि, परागसेचन कृया प्रवर्द्धन भई बाली उत्पादनमा वृद्धि हुने तथा वातावरण संरक्षणमा सहयोग हुने हुनाले जोखिम नहुने।

बाधा अड्काउ फुकाउनेः यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा वा समस्या उत्पन्न भएमा कृषि शाखा र मौरीपालन संजालले आपसी समन्वय गरी स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्नेछ।

आज्ञाले

केशवराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत